श्री ५ को सरकार

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सूचना

## प्रतिलिपि अधिकार नियमावली, २०६१

प्रतिलिपि अधिकार ऐन, २०५९ को दफा ४२ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :(१) यी नियमहरुको नाम "प्रतिलिपि अधिकार नियमावली, २०६१" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले प्रतिलिपि अधिकार ऐन, २०५९ सम्झनु पर्छ ।

(ख) "संस्था" भन्नाले नियम ६ बमोजिम गठन भएको रोयल्टी संकलन संस्था सम्झनु पर्छ ।

३. रचना, ध्वनिअङ्कन, प्रस्तुति वा प्रसारणको दर्ता सम्बन्धी व्यवस्थाः (१) ऐनको दफा ५ को उपदफा (२) बमोजिम कुनै रचना, ध्वनिअङ्कन, प्रस्तुति वा प्रसारण दर्ता गर्न चाहने रचयिता ,ध्वनिअङ्कन, प्रस्तुति वा प्रसारणका धनीले आफ्नो सबुद प्रमाण सहित अनुसूची-१ बमेजिमको ढाँचामा रजिष्ट्रार समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको निवेदन प्राप्त भएमा रजिष्ट्रारले सो निवेदन सम्बन्धमा जाँचबुझ गरी आवश्यक भए थप कागजात पेश गर्न निवेदकलाई आदेश दिनेछ ।

(३) उपनियम (२) बमोजिम माग गरिएको कागजात समेतबाट निवेदकको नाममा त्यस्तो रचना, ध्वनिअङ्कन, प्रस्तुति वा प्रसारण दर्ता गर्न मनासिब देखिएमा रजिष्ट्रारले कागजात पेश भएको मितिले र कागजात माग नगरिएको भए निवेदन परेको मितिले पैंतीस दिनभित्र एकसय रुपैंया दस्तुर लिई निवेदकको नाममा सो रचना, ध्वनिअङ्कन, प्रस्तुति वा प्रसारण दर्ता गरी निवेदकलाई अनुसूची-२ बमोजिमको ढाँचामा रचना, ध्वनिअङ्कन, प्रस्तुति वा प्रसारण दर्ताको प्रमाणपत्र दिनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम माग गरिएको कागजात समेत जाँचबुझ गर्दा निवेदकको नाममा त्यस्तो रचना, ध्वनिअङ्कन, प्रस्तुति वा प्रसारण दर्ता गर्न मिल्ने नदेखिएमा रजिष्ट्रारले त्यसको कारण खुलाई सात दिनभित्र निवेदकलाई जानकारी दिनु पर्नेछ ।

(५) उपनियम (३) बमोजिम रचना, ध्वनिअङ्कन, प्रस्तुति वा प्रसारण दर्ता गर्ने प्रयोजनको लागि रजिष्ट्रारले दर्ता किताबको व्यवस्था गर्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. व्यहोरा सच्याउने : (१) नियम ३ बमोजिम दर्ता भएको विवरणमा कुनै कुरा सच्याउनु परेमा रचयिता, ध्वनिअङ्कन, प्रस्तुति वा प्रशारणका धनीले यसको कारण खुलाई रजिष्ट्रार समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा व्यहोरा सच्याउन मनासिब देखिएमा रजिष्ट्रारले सो विवरण दर्ता किताबमा सच्याई त्यसको जानकारी निवेदकलाई दिनु पर्नेछ ।

५. रजिष्ट्रारको काम, कर्तव्य र अधिकार : ऐनमा लेखिए देखि वाहेक रजिष्ट्रारको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्रतिलिपि अधिकारको संरक्षण गर्ने सम्बन्धमा आवश्यक काम गर्ने,
(ख) प्रतिलिपि अधिकारको दर्ता गरी त्यसको विवरण अद्यावधिक गराई राख्ने,
(ग) संस्थाको स्थलगत निरीक्षण गर्ने तथा त्यस्तो संस्थाबाट गरिने काम कारबाहीमा कुनै कमी कमजोरी भए सो सुधार गर्न आवश्यक निर्देशन दिने ।

६. संस्थाको गठन : (१) ऐनको दफा ३९ को प्रयोजनको लागि सामान्यतया एउटा विधामा रचयिता, ध्वनिअङ्कन, प्रस्तुति वा प्रसारण धनी सहित कम्तिमा सात सदस्य रहेको रोयल्टी संकलन संस्था गठन गर्न सकिनेछ ।

(२) उपनियम (१) बमोजिम संस्था गठन गर्दा कम्तिमा पचास जना साधारण सदस्य राख्नु पर्नेछ ।

७. संस्था दर्ता गर्न निवेदन दिनु पर्ने: संस्था दर्ता गर्न चाहने व्यक्तिले देहायका विवरणहरु खुलाई अनुसूची-३ बमोजिमको ढाँचामा रजिष्ट्रार समक्ष निवेदन दिनु पर्नेछ :-

(क) संस्थाको नाम र ठेगाना,
(ख) संस्थाको उद्देश्य,
(ग) संस्थाको सदस्यको आवश्यक योग्यता र सदस्यता शुल्क सम्बन्धी व्यवस्था,
(घ) संस्थाको सदस्यको निष्काशन र राजीनामा सम्बन्धी व्यवस्था,
(ङ) संस्थाको साधारण सभा सम्बन्धी व्यवस्था,
(च) संस्थाको कार्यकारिणी समितिको गठन र निर्वाचन सम्बन्धी प्रकृया,
(छ) संस्थाको कार्यकारिणी समितिको बैठक सम्बन्धी कार्यविधि,
(ज) संस्थाको कोष तथा आय-व्यय र लेखा परीक्षण सम्वन्धी व्यवस्था,
(झ) संस्थाको प्रशासकीय र व्यवस्थापकीय कामको लागि खर्च गर्न पाउने रकम,
(ञ) संस्थाको रोयल्टी संकलन र वितरण गर्ने सम्बन्धी व्यवस्था,
(ट) संस्थाको उजुरी सम्बन्धी व्यवस्था,
(ठ) संस्थाको विधान संशोधन प्रकृया,
(ड) अन्य आवश्यक कुराहरु ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. <u>संस्था दर्ताको प्रमाणपत्र दिने</u>: (१) नियम ७ बमोजिम संस्था दर्ताको लागि निवेदन परेमा रजिष्ट्रारले सो सम्बन्धमा आवश्यक जाँचबुझ गर्दा त्यस्तो संस्था दर्ता गर्न मिल्ने देखिएमा निवेदन परेको नब्बे दिनभित्र पाँच हजार रुपैंया दस्तुर लिई निवेदकलाई अनुसूची- ४ बमोजिमको ढाँचामा संस्था दर्ताको प्रमाणपत्र दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम जाँचबुझ गर्दा निवेदकको नाममा त्यस्तो संस्था दर्ता गर्न मिल्ने नदेखिएमा रजिष्ट्रारले त्यसको कारण खुलाई सात दिनभित्र निवेदकलाई जानकारी दिनु पर्नेछ ।

९. <u>संस्थाको अवधि र नवीकरण</u> : (१) नियम ८ बमोजिम दिइएको प्रमाणपत्रको अवधि दुई वर्षको हुनेछ ।

(२) प्रमाणपत्र नवीकरण गर्न चाहने व्यक्तिले त्यस्तो प्रमाणपत्रको अवधि समाप्त भएको तीस दिनभित्र तीन हजार रुपैंया दस्तुर सहित अघिल्लो आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन र वार्षिक प्रगति विवरण संलग्न गरी रजिष्ट्रार समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको म्यादभित्र प्रमाणपत्र नवीकरण गराउन नसक्ने व्यक्तिले सो म्याद नाघेको पैंतीस दिनभित्र नवीकरण दस्तुरको पच्चीस प्रतिशत थप दस्तुर समेत राखी प्रमाणपत्र नवीकरणको लागि निवेदन दिन सक्नेछ ।

(४) उपनियम (२) वा (३) बमोजिम निवेदन परेमा रजिष्ट्रारले सो सम्बन्धमा आवश्यक जाँचबुझ गर्दा त्यस्तो प्रमाणपत्र नवीकरण गर्न मनासिब देखेमा सो प्रमाणपत्र नवीकरण गरिदिनु पर्नेछ ।

(५) उपनियम (३) बमोजिमको म्यादभित्र पनि कसैले प्रमाणपत्र नवीकरण नगराएमा त्यस्तो प्रमाणपत्र स्वतः रद्द हुनेछ ।

१०. <u>संस्थाको काम, कर्तव्य र अधिकार</u> : संस्थाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) सम्बन्धित विधाका स्रष्टालाई संस्थाको सदस्यता प्रदान गर्ने,

(ख) रचयिता वा सम्बन्धित विधाका धनीले पाउने रोयल्टी रकम निर्धारण गरी प्रकाशन गर्ने,

(ग) रोयल्टी संकलनको मापदण्ड बनाई लागू गर्ने,

(घ) रचयिता वा सम्बन्धित विधाका धनीले पाउने रोयल्टी रकम संकलन गरी वितरण गर्ने,

(ङ) संस्थाले गरेको काम कारबाहीको जानकारी रजिष्ट्रारलाई गराउने ।

११. <u>प्रगति वितरण तथा लेखा परीक्षण प्रतिवेदन पेश गर्नुपर्ने</u> : संस्थाले आफूले वर्ष भरीमा गरेको कामको प्रगति विवरण तथा वार्षिक लेखा परीक्षण प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीस दिनभित्र रजिष्ट्रार समक्ष पेश गर्नु पर्नेछ ।

१२. <u>अन्तर्राष्ट्रिय रोयल्टी संकलन संस्थासँग आवद्ध भएको जनाउ दिनुपर्ने</u> : कुनै संस्थाले अन्तर्राष्ट्रिय रोयल्टी संकलन संस्थासँग आवद्ध भई कुनै काम गरेमा त्यसको जानकारी तुरुन्त रजिष्ट्रारलाई दिनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। २८४

१३. <u>अनाधिकार प्रतिलिपिको पैठारी भएमा गर्ने</u> : भंसार अधिकृतले नेपाल अधिराज्यभित्र कुनै अनाधिकार प्रतिलिपिको सामग्री पैठारी हुन लागेको थाहा पाएमा वा निजलाई सो शंका लागेमा त्यस्तो सामग्रीको सम्बन्धमा ऐनको दफा ३४ बमोजिम गरी त्यसको जानकारी सो सामग्री पैठारी गर्ने व्यक्ति, भंसार विभागको महानिर्देशक र आवश्यकतानुसार सम्बन्धित प्रहरी कार्यालयलाई समेत दिनु पर्नेछ ।

१४. <u>परीक्षण र विशेषज्ञ सेवा दस्तुर</u> : रचयिता , ध्वनिअङ्कन, प्रस्तुति वा प्रसारणका धनीले आर्थिक तथा नैतिक अधिकार उल्लङ्घन भयो भनी दिएको निवेदन अनुसार कुनै सामग्री प्रयोगशालाबाट परीक्षण गर्नु पर्दा वा सो सामग्रीका सम्बन्धमा कुनै विशेषज्ञको राय लिनु पर्दा लाग्ने दस्तुर सम्बन्धित निवेदकले व्यहोर्नु पर्नेछ ।

१५. <u>उजुरी गर्न सक्ने</u> : (१) संस्थाले निर्धारण गरेको रोयल्टीका सम्बन्धमा चित्त नबुझ्ने व्यक्तिले रोयल्टी निर्धारण भएको मितिले पैंतीस दिनभित्र रजिष्ट्रार समक्ष उजुरी गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम उजुरी परेमा रजिष्ट्रारले सम्बन्धित पक्षलाई झिकाई उजुरी परेको मितिले साठी दिनभित्र निर्णय गरी त्यसको जानकारी सम्बन्धित पक्षलाई दिनु पर्नेछ ।

१६. <u>अनुसूचीमा संशोधन</u> : श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्नेछ ।

१७. <u>खारेजी र बचाउ</u> : (१) प्रतिलिपि अधिकार नियमावली, २०४६ खारेज गरिएको छ ।

(२) प्रतिलिपि अधिकार नियमावली, २०४६ बमोजिम भए गरेका काम कारवाही यसै नियमावली बमोजिम भए गरेका मानिने छन् ।



मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-१

(नियम ३ को उपनियम (१) सँग सम्बन्धित)

रचना, ध्वनिअङ्कन, प्रस्तुति वा प्रसारण दर्ताको लागि दिइने निवेदन

श्रीमान् रजिष्ट्रारज्यू,
नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय,

प्रतिलिपि अधिकार नियमावली,२०६१ बमोजिम निम्न रचना, ध्वनिअङ्कन, प्रस्तुति वा प्रसारण दर्ता गराउनको लागि देहायको विवरण खुलाई यो निवेदन गरेको छु।

१. रचयिता, ध्वनिअङ्कन, प्रस्तुति वा प्रसारण धनीको नामः
२. ठेगाना :
३. नागरिकता :
४. जन्म मिति :
५. रचना भए,-
   (क) नाम र पृष्ठः
   (ख) भाषाः
   (ग) रचना पूरा भएको मिति :
   (घ) रचना पहिले प्रकाशन भएको देश र मिति :
   (ङ) प्रकाशन संख्याः
   (च) अन्य कुराः
६. ध्वनिअङ्कन, प्रस्तुति वा प्रसारण भए सो सम्बन्धी विवरणः
७. रचना, ध्वनिअङ्कन, प्रस्तुति वा प्रसारणको स्वामित्व प्रमाणित गर्ने कागजात वा प्रमाण :
८. अन्य विवरण :
   (क) .......
   (ख) .......
   (ग) .......
   (घ) .......

निवेदकको,-
सहीः
नाम :
ठेगाना :
मिति :



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

अनुसूची-२
(नियम ३ को उपनियम (३) सँग सम्बन्धित)

रचना, ध्वनिअङ्कन, प्रस्तुति वा प्रसारण दर्ताको प्रमाणपत्र

प्रमाणपत्र संख्या :-

प्रतिलिपि अधिकार नियमावली,२०६१ बमोजिम तपाईको नाममा देहायको विवरण भएको रचना, ध्वनिअङ्कन, प्रस्तुति वा प्रसारण दर्ता गरी तपाईलाई यो प्रमाणपत्र प्रदान गरिएकोछ ।

१. रचयिता, ध्वनिअङ्कन, प्रस्तुति वा प्रसारण धनीको नामः
२. ठेगाना :
३. नागरिकता :
४. जन्म मिति :
५. रचना भएः-
 (क) नाम र पृष्ठः
 (ख) भाषाः
 (ग) रचना पूरा भएको मिति :
 (घ) रचना पहिले प्रकाशन भएको देश र मिति :
 (ङ) प्रकाशन संख्याः
 (च) अन्य कुरा :
६. ध्वनिअङ्कन, प्रस्तुति वा प्रसारण भए सो सम्बन्धी विवरणः
७. अन्य विवरण :
 (क) .......
 (ख) .......
 (ग) .......
 (घ) .......

प्रमाणपत्र दिने अधिकारीको
सही :
नामः
पद : रजिष्ट्रार
मिति :

कार्यालयको छाप



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

अनुसूची-३
(नियम ७ सँग सम्बन्धित)
संस्था दर्ता गर्न दिइने निवेदन

श्रीमान् रजिष्ट्रारज्यू,
नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय,
. . . . . . ।

विषय:- संस्था दर्ता सम्बन्धमा ।

प्रतिलिपि अधिकार नियमावली,२०६१ बमोजिम संस्था दर्ता गराउनको लागि निम्न विवरण सहित देहायका कागजातहरु संलग्न गरी यो निवेदन गरेको छु ।

१. सस्थाको नाम:
२. दर्ता गर्न चाहेको विधा:
३. अन्य आवश्यक विवरण:
४. संलग्न कागजातहरु:
   (क) संस्थाको विधान,
   (ख) कार्यकारिणी समितिको पदाधिकारीहरुको नागरिकताको प्रतिलिपि,
   (ग) संस्थाका सदस्यहरु संलग्नता रहेको प्रमाण,
   (घ) कार्यकारिणी समितिको निर्णयको प्रतिलिपि,

संस्थाको छाप

निवेदकको,-
सही:
नाम:
पद:
संस्थाको नाम:
मिति:



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

अनुसूची-४

(नियम ८ सँग सम्बन्धित)

संस्था दर्ताको प्रमाणपत्र

श्री ....................

प्रतिलिपि अधिकार नियमावली, २०६१ को नियम ८ बमोजिम .............. विधामा .............. नाम गरेको संस्था दर्ता गरी यो प्रमाणपत्र प्रदान गरिएको छ ।

प्रमाणपत्र दिने अधिकारीको,-

कार्यालयको छाप

सही :

नाम :

पद : रजिष्ट्रार

कार्यालय:

मिति :

आज्ञाले,

लवकुमार देवकोटा

श्री ५को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

श्री ५ को सरकार

**सामान्य प्रशासन मन्त्रालयको**

**सूचना १**

श्री ५ को सरकारले मिति २०६०।४।२९ को निर्णयानुसार श्री तोयनाथ बराललाई नेपाल इन्जिनियरिङ्ग सेवा, सर्भे समूह राजपत्राङ्कित प्रथम श्रेणी (प्रा.) सह-सचिवस्तरको पदमा नियुक्ति गरी भूमिसुधार तथा व्यवस्था मन्त्रालय वा अन्तर्गत पदस्थापन गरेको छ ।

**सूचना २**

श्री ५ को सरकारले मिति २०६०।४।२९ को निर्णयानुसार श्री तुलसी प्रसाद सिटौलालाइ नेपाल इन्जिनियरिङ्ग सेवा, सिभिल समूह, हाइवे उपसमूह, राजपत्राङ्कित प्रथम श्रेणी (प्रा.) सह-सचिवस्तरको पदमा नियुक्ति गरी भौतिक योजना तथा निर्माण मन्त्रालय वा अन्तर्गत पदस्थापन गरेको छ ।

**सूचना ३**

श्री ५ को सरकारले मिति २०६०।४।२९ को निर्णयानुसार श्री पवनमान श्रेष्ठलाई नेपाल इन्जिनियरिङ्ग सेवा, सिभिल समूह, हाइवे उपसमूह, राजपत्राङ्कित प्रथम श्रेणी (प्रा.) सह-सचिवस्तरको पदमा नियुक्ति गरी भौतिक योजना तथा निर्माण मन्त्रालय वा अन्तर्गत पदस्थापन गरेको छ ।

**सूचना ४**

श्री ५ को सरकारले मिति २०६०।४।२९ को निर्णयानुसार देहायका व्यक्तिहरुलाई नेपाल इन्जिनियरिङ्ग सेवा, सिभिल समूह, हाइवे उपसमूह, राजपत्राङ्कित द्वितीय श्रेणी (प्रा.) उप-सचिवस्तरको पदमा नियुक्ति गरी भौतिक योजना तथा निर्माण मन्त्रालय वा अन्तर्गत पदस्थापन गरेको छ ।

| सि.नं. | नाम, थर |
|---|---|
| १ | श्री देवेन्द्र कार्की |
| २ | श्री विष्णु ओम बादे |

**सूचना ५**

श्री ५ को सरकारले मिति २०६०।४।२९ को निर्णयानुसार श्री उत्तमकुमार भट्टराईलाई नेपाल कृषि सेवा, खाद्य पोषण तथा गुण नियन्त्रण समूह, राजपत्राङ्कित प्रथम श्रेणी (प्रा.) सह-सचिवस्तरको पदमा एक वर्षको परीक्षणकालमा रहने गरी नियुक्ति गरी कृषि तथा सहकारी मन्त्रालय वा अन्तर्गत पदस्थापन गरेको छ ।

**सूचना ६**

श्री ५ को सरकारले मिति २०६०।४।२८ को निर्णयानुसार श्री तुलसीराम शर्मालाई नेपाल वन सेवा, नेशनल पार्कस एण्ड वाइल्ड लाइफ समूह, राजपत्रांङ्कित द्वितीय श्रेणी (प्रा.) उप-सचिवस्तरको पदमा नियुक्ति गरी वन तथा भू संरक्षण मन्त्रालय वा अन्तर्गत पदस्थापन गरेको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

260

सूचना ७

श्री ५ को सरकारले मिति २०६०।४।२८ को निर्णयानुसार श्री रवि शाहलाई नेपाल इन्जिनियरिङ्ग सेवा, सिभिल समूह, बिल्डिङ्ग एण्ड आर्किटेक्ट उपसमूह, राजपत्राङ्कित द्वितीय श्रेणी (प्रा.) उप-सचिवस्तरको पदमा नियुक्ति गरी भौतिक योजना तथा निर्माण मन्त्रालय वा अन्तर्गत पदस्थापन गरेको छ ।

सूचना ८

श्री ५ को सरकारले मिति २०६०।४।२८ को निर्णयानुसार श्री राजेन्द्रप्रसाद अधिकारीलाई नेपाल कृषि सेवा, एगृ.इको.एण्ड एगृ. मार्केटिङ्ग समूह, राजपत्राङ्कित द्वितीय श्रेणी (प्रा.) उप-सचिवस्तरको पदमा नियुक्ति गरी कृषि तथा सहकारी मन्त्रालय वा अन्तर्गत पदस्थापन गरेको छ ।

सूचना ९

श्री ५ को सरकारले मिति २०६०।५।३ को निर्णयानुसार श्री ऋषिराम शर्मालाई नेपाल इन्जिनियरिङ्ग सेवा, मेटेरियोलोजी समूह, राजपत्राङ्कित द्वितीय श्रेणी (प्रा.) उप-सचिवस्तरको पदमा नियुक्ति गरी विज्ञान तथा प्रविधि मन्त्रालय वा अन्तर्गत पदस्थापन गरेको छ ।

सूचना १०

श्री ५ को सरकारले मिति २०६०।५।२४ को निर्णयानुसार श्री राकेशमोहन सिंहलाई नेपाल कृषि सेवा, भेटेरिनरी समूह, राजपत्राङ्कित तृतीय श्रेणी (प्रा.) सहायक पशु चिकित्सक पदमा एक वर्षको परिक्षणकालमा रहने गरि नियुक्ति गरी कृषि तथा सहकारी मन्त्रालय वा अन्तर्गत पदस्थापन गरेको छ ।

सूचना ११

श्री ५ को सरकारले मिति २०६०।७।४ को निर्णयानुसार मिति २०६०।७।१ देखि जेष्ठता कायम हुने गरी देहायका व्यक्तिहरुलाई नेपाल कृषि सेवा, फिसरिज समूह राजपत्राङ्कित द्वितीय श्रेणी (प्रा.) उप-सचिवस्तरको पदमा नियुक्ति गरी कृषि तथा सहकारी मन्त्रालय वा अन्तर्गत पदस्थापन गरेको छ ।

| सि.नं. | नाम, थर |
|---|---|
| १. | श्री रमानन्द मिश्र |
| २. | श्री जयकिशोर मण्डल |

सूचना १२

श्री ५ को सरकारले मिति २०६०।९।८ को निर्णयानुसार २०६०।७।१८ देखि जेष्ठता कायम हुने गरी देहायका व्यक्तिहरुलाई नेपाल इन्जिनियरिङ्ग सेवा, सिभिल समूह, बिल्डीङ० एण्ड आर्किटेक्ट उपसमूह, राजपत्राङ्कित द्वितीय श्रेणी (प्रा.) उप-सचिवस्तरको पदमा बढुवा नियुक्ति गरी भौतिक योजना तथा निर्माण मन्त्रालय वा अन्तर्गत पदस्थापन गरेको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

261

| सि.नं. | नाम, थर |
|---|---|
| १ | श्री शम्भु के.सी |
| २ | श्री भाइकाजी तिवारी |
| ३ | श्री विवेक वस्नेत |
| ४ | श्री भारती श्रेष्ठ |
| ५ | श्री वसन्त कुमार राई |
| ६ | श्री प्रकाश बहादुर रघुवंशी |
| ७ | श्री राजुमान मानन्धर |

## सूचना १३

श्री ५ को सरकारले मिति २०६०।९।१४ को निर्णयानुसार २०६०।९।१० देखि जेष्ठता कायम हुने गरी देहायका व्यक्तिहरुलाई नेपाल इन्जिनियरिङ्ग सेवा, सिभिल समूह, विल्डीङ० एण्ड आर्किटेक्ट उपसमूह, राजपत्राङ्कित प्रथम श्रेणी (प्रा.) सह-सचिवस्तरको पदमा बढुवा नियुक्ति गरी भौतिक योजना तथा निर्माण मन्त्रालय वा अन्तर्गत पदस्थापन गरेको छ।

| सि.नं. | नाम, थर |
|---|---|
| १ | श्री सुरेश प्रकाश आचार्य |
| २ | श्री इन्द्र बहादुर श्रेष्ठ |
| ३ | श्री सूर्यभक्त सांगाछे |
| ४ | श्री पुरुषोतम डंगोल |
| ५ | श्री चिरन्जीवी सुवेदी |
| ६ | श्री अशोकनाथ उप्रेती |

## सूचना १४

श्री ५ को सरकारले मिति २०६०।९।२८ को निर्णयानुसार २०६०।५।२३ देखि जेष्ठता कायम हुने गरी देहायका व्यक्तिहरुलाई नेपाल इन्जिनियरिङ्ग सेवा, सिभिल समूह, स्यानिटरी उपसमूह, राजपत्राङ्कित द्वितीय श्रेणी (प्रा.) उप-सचिवस्तरको पदमा बढुवा नियुक्ति गरी भौतिक योजना तथा निर्माण मन्त्रालय वा अन्तर्गत पदस्थापन गरेको छ।

| सि.नं. | नाम, थर |
|---|---|
| १ | श्री नमराज खत्री |
| २ | श्री राजनराज पाण्डे |
| ३ | श्री केदारमान प्रजापती |
| ४ | श्री अनिलभद्र खनाल |
| ५ | श्री निर्मल तण्डुकार |



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
202

## सूचना १५

श्री ५ को सरकारले मिति २०६०।१०।२६ को निर्णयानुसार २०६०।७।१८ देखि जेष्ठता कायम हुने गरी देहायका व्यक्तिहरुलाई नेपाल कृषि सेवा, एगृ. इको. एण्ड मार्केटिङ समूह, राजपत्राङ्कित द्वितीय श्रेणी (प्रा) उप-सचिवस्तरको पदमा नियुक्ति गरी कृषि तथा सहकारी मन्त्रालय वा अन्तर्गत पदस्थापन गरेको छ ।

| सि.नं. | नाम, थर |
|---|---|
| १. | श्री शशीरत्न शाक्य |
| २. | श्री जीवराज गौतम |

## सूचना १६

श्री ५ को सरकारले मिति २०६०।२।६ को निर्णयानुसार २०६०।१।१२ देखि जेष्ठता कायम हुने गरी देहायका व्यक्तिहरुलाई नेपाल कृषि सेवा, लाइभस्टक पोल्ट्री एण्ड डेरी डेभलपमेण्ट समूह राजपत्राङ्कित द्वितीय श्रेणी (प्रा.) उप-सचिवस्तरको पदमा बढुवा नियुक्ति गरी कृषि तथा सहकारी मन्त्रालय वा अन्तर्गत पदस्थापन गरेको छ।

| सि.नं. | नाम, थर |
|---|---|
| १. | श्री मणि कुमार श्रेष्ठ |
| २. | श्री बसन्त कुमार मानन्धर |

## सूचना १७

श्री ५ को सरकारले मिति २०६०।३।९ को निर्णयानुसार २०६०।२।२७ देखि जेष्ठता कायम हुने गरी श्री स्टालिनमान प्रधानलाई नेपाल इन्जिनियरिङ्ग सेवा, मेकानिकल समूह, जनरल मेकानिकल उपसमूह राजपत्राङ्कित प्रथम श्रेणी (प्रा.) सह-सचिवस्तरको पदमा बढुवा नियुक्ति गरी उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय अर्न्तगत पदस्थापन गरेको छ।

## सूचना १८

श्री ५ को सरकारले मिति २०६०।३।१९ को निर्णयानुसार २०६०।३।१४ देखि जेष्ठता कायम हुने गरी देहायका व्यक्तिहरुलाई नेपाल इन्जिनियरिङ्ग सेवा, मेकानिकल समूह, जनरल मेकानिकल उपसमूह राजपत्राङ्कित द्वितीय श्रेणी ( प्रा.)उप-सचिवस्तरको पदमा बढुवा नियुक्ति गरी देहाय बमोजिम पदस्थापन गरेको छ ।

| सि.नं. | नाम, थर | पदस्थापन भएको कार्यालय |
|---|---|---|
| १ | श्री ऋषिराज कोइराला | जनसंख्या तथा वातावरण मन्त्रालय । |
| २ | श्री अशोक कुमार दाहाल | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय वा अन्तर्गत । |
| ३ | श्री रमेशरत्न स्थापित | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय वा अन्तर्गत । |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

262

सूचना १९

श्री ५ को सरकारले मिति २०६०।३।२४ को निर्णयानुसार २०६०।३।१० देखि जेष्ठता कायम हुने गरी श्री कृष्णचन्द्र शर्मालाई नेपाल कृषि सेवा, कृषि प्रसार समूह, राजपत्राङ्कित प्रथम श्रेणी (प्रा.) सह-सचिवस्तरको पदमा बढुवा नियुक्ति गरी कृषि तथा सहकारी मन्त्रालय वा अन्तर्गत पदस्थापन गरेको छ।

सूचना २०

श्री ५ को सरकारले मिति २०६०।३।२६ को निर्णयानुसार २०६०।२।२३ देखि जेष्ठता कायम हुने गरी देहायका व्यक्तिहरुलाई नेपाल इन्जिनियरिङ्ग सेवा, सिभिल समूह, हाइड्रोपावर उपसमूह राजपत्राङ्कित द्वितीय श्रेणी (प्रा.) उप-सचिवस्तरको पदमा बढुवा नियुक्ति गरी जलश्रोत मन्त्रालय वा अन्तर्गतमा पदस्थापन गरेको छ।

| सि.नं. | नाम, थर |
|---|---|
| १. | श्री संजय ढुंगेल |
| २. | श्री गोपाल वस्न्यात |
| ३. | श्री नरेन्द्रसिंह भण्डारी |
| ४. | श्री नविनराज सिंह |

सूचना २१

श्री ५ को सरकारले मिति २०६०।३।३० को निर्णयानुसार २०६०।२।१७ देखि जेष्ठता कायम हुने गरी श्री हरि भण्डारीलाई नेपाल कृषि सेवा, एग्रोनोमी समूह राजपत्राङ्कित प्रथम श्रेणी (प्रा.) सह-सचिवस्तरको पदमा बढुवा नियुक्ति गरी कृषि तथा सहकारी मन्त्रालय वा अन्तर्गत पदस्थापन गरेको छ।

सूचना २२

श्री ५ को सरकारले मिति २०६०।३।३० को निर्णयानुसार २०६०।३।२४ देखि जेष्ठता कायम हुने गरी श्री रवि सिंहलाई नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा, तथ्याङ्क समूह राजपत्राङ्कित प्रथम श्रेणी (प्रा.) सह-सचिवस्तरको पदमा बढुवा नियुक्ति गरी राष्ट्रिय योजना आयोगको सचिवालय वा अन्तर्गत पदस्थापन गरेको छ।

सूचना २३

श्री ५ को सरकारले मिति २०६०।३।३० को निर्णयानुसार २०६०।३।१४ देखि जेष्ठता कायम हुने गरी श्री पुरुषोत्तम आचार्यलाई नेपाल इन्जिनियरिङ्ग सेवा, सिभिल समूह, हाइड्रोपावर उपसमूह राजपत्राङ्कित द्वितिय श्रेणी (प्रा.) उप-सचिवस्तरको पदमा बढुवा नियुक्ति गरी जलश्रोत मन्त्रालय वा अन्तर्गत पदस्थापन गरेको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

268

## सूचना २४

श्री ५ को सरकारले मिति २०६०।३।३० को निर्णयानुसार २०६०।३।२७ देखि जेष्ठता कायम हुने गरी श्री बिनोदचन्द्र गिरीलाई नेपाल इन्जिनियरिङ्ग सेवा, सिभिल समूह, एअरपोर्ट उपसमूह राजपत्राङ्कित द्वितिय श्रेणी (प्रा.) उप-सचिवस्तरको पदमा बढुवा नियुक्ति गरी संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय वा अन्तर्गत पदस्थापन गरेको छ।

## सूचना २५

श्री ५ को सरकारले मिति २०६०।४।१ को निर्णयानुसार २०६०।३।३१ देखि जेष्ठता कायम हुने गरी देहायका व्यक्तिहरुलाई नेपाल शिक्षा सेवा, शिक्षा प्रशासन समूह, राजपत्राङ्कित प्रथम श्रेणी (प्रा.) सह-सचिवस्तरको पदमा बढुवा नियुक्ति गरी शिक्षा तथा खेलकूद मन्त्रालय वा अन्तर्गत पदस्थापन गरेको छ।

| सि.नं. | नाम, थर |
|---|---|
| १ | श्री भीमलाल गुरुङ |
| २ | श्री रामस्वरुप सिन्हा |
| ३ | श्री ललिता देवी श्रेष्ठ |
| ४ | श्री पूर्ण वहादुर रानाभाट |

## सूचना २६

श्री ५ को सरकारले मिति २०६०।४।२८ को निर्णयानुसार २०६०।४।२० देखि जेष्ठता कायम हुने गरी श्री सुनिलरत्न कंसाकारलाई नेपाल इन्जिनियरिङ्ग सेवा, सिभिल समूह, हाइड्रोलोजी उपसमूह, राजपत्राङ्कित द्वितीय श्रेणी (प्रा.) उप-सचिवस्तरको पदमा बढुवा नियुक्ति गरी जनसंख्या तथा वातावरण मन्त्रालयमा पदस्थापन गरेको छ।

## सूचना २७

श्री ५ को सरकारले मिति २०६०।४।२८ को निर्णयानुसार २०६०।४।२० देखि जेष्ठता कायम हुने गरी श्री कमल प्रकाश बुढाथोकीलाई नेपाल इन्जिनियरिङ्ग सेवा, मेटेरियोलोजी समूह, राजपत्राङ्कित द्वितीय श्रेणी (प्रा.) उप-सचिवस्तरको पदमा बढुवा नियुक्ति गरी विज्ञान तथा प्राविधि मन्त्रालय वा अन्तर्गत पदस्थापन गरेको छ।

## सूचना २८

श्री ५ को सरकारले मिति २०६०।४।५ को निर्णयानुसार २०६०।२।१७ देखि जेष्ठता कायम हुने गरी देहायका व्यक्तिहरुलाई नेपाल वन सेवा, वोटानी समूह, राजपत्राङ्कित द्वितिय श्रेणी (प्रा.) उप-सचिवस्तरको पदमा नियुक्ति गरी वन तथा भू संरक्षण मन्त्रालय वा अन्तर्गत पदस्थापन गरेकोमा मिति २०६०।४।१६ को निर्णयानुसार उक्त पदस्थापन संशोधन गरी कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागमा पदस्थापन गरेको छ।

| सि.नं. | नाम, थर |
|---|---|
| १ | श्री इन्दिरा थापा (पाण्डे) |
| २ | श्री मनोरमा कायस्थ |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सूचना २९

श्री ५ को सरकारले मिति २०६०।४।१४ को निर्णयानुसार २०६०।४।१३ देखि जेष्ठता कायम हुने गरी देहायका व्यक्तिहरुलाई नेपाल वन सेवा, फरेष्ट्र रिसर्च समूह, राजपत्राङ्कित द्वितीय श्रेणी (प्रा.) उप-सचिवस्तरको पदमा बढुवा नियुक्ति गरी बन तथा भू–संरक्षण मन्त्रालय वा अन्तर्गत पदस्थापन गरेको छ।

| सि.नं. | नाम, थर |
|---|---|
| १ | श्री कृष्ण प्रसाद आचार्य |
| २ | श्री दिपक कुमार खराल |

सूचना ३०

श्री ५ को सरकारले मिति २०६०।४।१५ को निर्णयानुसार २०६०।४।८ देखि जेष्ठता कायम हुने गरी श्री श्रीरन्जन लाकौललाई नेपाल इन्जिनियरिङ्ग सेवा, सिभिल समूह, हाइड्रोपावर उपसमूह राजपत्राङ्कित प्रथम श्रेणी (प्रा.) सह-सचिवस्तरको पदमा बढुवा नियुक्ति गरी जलश्रोत मन्त्रालय वा अन्तर्गत पदस्थापन गरेको छ।

सूचना ३१

श्री ५ को सरकारले मिति २०६०।४।२८ को निर्णयानुसार २०६०।४।२० देखि जेष्ठता कायम हुने गरी श्री उत्तमवोल श्रेष्ठलाई नेपाल इन्जिनियरिङ सेवा, माइनिङ्ग समूह, राजपत्राङ्कित द्वितीय श्रेणी (प्रा.) उप-सचिवस्तरको पदमा बढुवा नियुक्ति गरी उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय वा अन्तर्गत पदस्थापन गरेको छ।

सूचना ३२

श्री ५ को सरकारले मिति २०६०।४।२८ को निर्णयानुसार २०६०।४।२४ देखि जेष्ठता कायम हुने गरी श्री अशोक कुमार दुवाडीलाई नेपाल इन्जिनियरिङ्ग सेवा, जियोलोजी समूह, जनरल जियोलोजी उपसमूह, राजपत्राङ्कित द्वितीय श्रेणी (प्रा.) उप-सचिवस्तरको पदमा बढुवा नियुक्ति गरी उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय वा अन्तर्गत पदस्थापन गरेको छ।

सूचना ३३

श्री ५ को सरकारले मिति २०६०।५।४ को निर्णयानुसार २०६०।२।२७ देखि जेष्ठता कायम हुने गरी देहायका व्यक्तिहरुलाई नेपाल इन्जिनियरिङ्ग सेवा, सिभिल समूह, इरिगेशन उपसमूह, राजपत्राङ्कित प्रथम श्रेणी (प्रा.) सह-सचिवस्तरको पदमा बढुवा नियुक्ति गरी जलश्रोत मन्त्रालय वा अन्तर्गत पदस्थापन गरेको छ।

| सि.नं. | नाम, थर |
|---|---|
| १ | श्री मधुसूदन पौडेल |
| २ | श्री शान्तिनाथ श्रेष्ठ |
| ३ | श्री रामनाथ कायस्थ |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

266

## सूचना ३४

श्री ५ को सरकारले मिति २०६०।५।८ को निर्णयानुसार २०६०।३।२७ देखि जेष्ठता कायम हुने गरी देहायका व्यक्तिहरुलाई नेपाल शिक्षा सेवा, शिक्षा प्रशासन समूह, राजपत्राङ्कित द्वितीय श्रेणी (प्रा.) उप-सचिवस्तरको पदमा वढुवा नियुक्ति गरी शिक्षा तथा खेलकूद मन्त्रालय वा अन्तर्गतमा पदस्थापन गरेको छ।

| सि.नं. | नाम, थर |
|---|---|
| १ | श्री सुभद्रा कुमारी के.सी.(थापा) |
| २ | डा. बालकृष्ण रन्जित |
| ३ | श्री कमल प्रसाद कर्माचार्य |
| ४ | श्री वद्रीनाथ जैसी |
| ५ | श्री एकराज राई |
| ६ | श्री शुभदर्शन आचार्य |
| ७ | श्री लेखनाथ पौडेल |
| ८ | श्री प्रेमनाथ पौडेल |
| ९ | श्री रामनिवास ठाकुर |
| १० | श्री अर्जुन निरौला |
| ११ | श्री दुर्गा प्रसाद श्रेष्ठ |

## सूचना ३५

श्री ५ को सरकारले मिति २०६०।५।९ को निर्णयानुसार २०६०।५।९ देखि जेष्ठता कायम हुने गरी देहायका व्यक्तिहरुलाई नेपाल कृषि सेवा, खाद्य पोषण तथा गुण नियन्त्रण समूह, राजपत्राङ्कित द्वितीय श्रेणी (प्रा.) उप-सचिवस्तरको पदमा वढुवा नियुक्ति गरी कृषि तथा सहकारी मन्त्रालय वा अन्तर्गत पदस्थापन गरेको छ।

| सि.नं. | नाम, थर |
|---|---|
| १ | श्री राजेन्द्र प्रसाद आचार्य |
| २ | श्री चन्द्र सुव्वा |

## सूचना ३६

श्री ५ को सरकारले मिति २०६०।५।१५ को निर्णयानुसार २०६०।३।२४ देखि जेष्ठता कायम हुने गरी देहायका व्यक्तिहरुलाई नेपाल इन्जिनियरिङ्ग सेवा, सिभिल समूह, इरिगेशन उपसमूह राजपत्राङ्कित प्रथम श्रेणी (प्रा.) सह-सचिवस्तरको पदमा वढुवा नियुक्ति गरी जलश्रोत मन्त्रालय वा अन्तर्गत पदस्थापन गरेको छ।

| सि.नं. | नाम, थर |
|---|---|
| १ | श्री अजय कुमार पोखरेल |
| २ | श्री अनिल कुमार पोखरेल |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग सिंहदरबार

2660

## सूचना ३७

श्री ५ को सरकारले मिति २०६०।५।१५ को निर्णयानुसार २०६०।५।११ देखि जेष्ठता कायम हुने गरी देहायका व्यक्तिहरुलाई नेपाल इन्जिनियरिङ्ग सेवा, एलेक्ट्रोनिक एण्ड टेलिकम्यूनिकेशन समूह, राजपत्राङ्कित द्वितीय श्रेणी (प्रा.) उप-सचिवस्तरको पदमा बढुवा नियुक्ति गरी सूचना तथा संचार मन्त्रालय वा अन्तर्गत पदस्थापन गरेको छ।

| सि.नं. | नाम, थर |
|---|---|
| १ | श्री दिपक काफ्ले |
| २ | श्री राजिब प्रसाद गुप्ता रौनियार |

## सूचना ३८

श्री ५ को सरकारले मिति २०६०।७।१८ को निर्णयानुसार २०६०।५।११ देखि जेष्ठता कायम हुने गरी श्री रमेश अधिकारीलाई नेपाल इन्जिनियरिङ्ग सेवा, एलेक्ट्रोनिक एण्ड टेलिकम्यूनिकेशन समूह, राजपत्राङ्कित द्वितीय श्रेणी (प्रा.) उप-सचिवस्तरको पदमा बढुवा नियुक्ति गरी सूचना तथा संचार मन्त्रालय वा अन्तर्गत पदस्थापन गरेको छ।

## सूचना ३९

श्री ५ को सरकारले मिति २०६०।५।२२ को निर्णयानुसार २०६०।५।२० देखि जेष्ठता कायम हुने गरी देहायका व्यक्तिहरुलाई नेपाल वन सेवा, जनरल फरेष्ट्री समूह, राजपत्राङ्कित द्वितीय श्रेणी (प्रा.) उप-सचिवस्तरको पदमा बढुवा नियुक्ति गरी वन तथा भू संरक्षण मन्त्रालय वा अन्तर्गत पदस्थापन गरेको छ।

| सि.नं. | नाम, थर |
|---|---|
| १ | श्री अनुजराज शर्मा |
| २ | श्री कृष्णप्रसाद पोखरेल |
| ३ | श्री रेशमबहादुर डांगी |
| ४ | श्री गणेश झा भुमिहार |
| ५ | श्री इमामुद्दीन अन्सारी |
| ६ | श्री वावुराम भण्डारी |
| ७ | श्री मुरारीप्रसाद पोखरेल |

## सूचना ४०

श्री ५ को सरकारले मिति २०६०।५।२२ को निर्णयानुसार २०६०।५।९ देखि जेष्ठता कायम हुने गरी श्री वरुण कुमार झालाई नेपाल इन्जिनियरिङ्ग सेवा, मेकानिकल समूह, जनरल मेकानिकल उपसमूह राजपत्राङ्कित द्वितीय श्रेणी (प्रा.) उप-सचिवस्तरको पदमा बढुवा नियुक्ति गरी जलश्रोत मन्त्रालय वा अन्तर्गत पदस्थापन गरेको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

260

## सूचना ४१

श्री ५ को सरकारले मिति २०६०।५।२४ को निर्णयानुसार २०६०।५।२० देखि जेष्ठता कायम हुने गरी देहायका व्यक्तिहरुलाई नेपाल वन सेवा, जनरल फरेष्ट्री समूह, राजपत्राङ्कित प्रथम श्रेणी (प्रा.) सह-सचिवस्तरको पदमा बढुवा नियुक्ति गरी वन तथा भू–संरक्षण मन्त्रालय वा अन्तर्गतमा पदस्थापन गरेको छ ।

| सि.नं. | नाम, थर |
|---|---|
| १ | श्री मोहन प्रसाद ढुंगेल |
| २ | श्री ध्रुबराज भट्टराई |

## सूचना ४२

श्री ५ को सरकारले मिति २०६०।५।२४ को निर्णयानुसार २०६०।४।८ देखि जेष्ठता कायम हुने गरी श्री श्याम सुन्दर श्रेष्ठ (बारा) लाई नेपाल वन सेवा, स्वायल एण्ड वाटर कन्जरभेशन समूह, राजपत्राङ्कित द्वितीय श्रेणी (प्रा.) उप-सचिवस्तरको पदमा बढुवा नियुक्ति गरी वन तथा भू–संरक्षण मन्त्रालय वा अन्तर्गत पदस्थापन गरेको छ ।

## सूचना ४३

श्री ५ को सरकारले मिति २०६०।६।२६ को निर्णयानुसार २०६०।६।२३ देखि जेष्ठता कायम हुने गरी देहायका व्यक्तिहरुलाई नेपाल इन्जिनियरिङ्ग सेवा, सिभिल समूह, इरिगेशन उपसमूह, राजपत्राङ्कित द्वितीय श्रेणी (प्रा.) उप-सचिवस्तरको पदमा बढुवा नियुक्ति गरी जलश्रोत मन्त्रालय वा अन्तर्गत पदस्थापन गरेको छ ।

| सि.नं. | नाम, थर |
|---|---|
| १ | श्री महेश बहादुर प्रधान |
| २ | श्री अशोक सिंह |
| ३ | श्री निरञ्जन देव पाण्डे |

## सूचना ४४

श्री ५ को सरकारले मिति २०६०।९।३० को निर्णयानुसार देहायका व्यक्तिहरुलाई नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूह राजपत्राङ्कित तृतीय श्रेणी, शाखा अधिकृत पदमा नियुक्ति गरी देहाय वमोजिम पदस्थापन गरेको छ ।

| सि.नं. | नाम, थर | पदस्थापना भएको कार्यालय |
|---|---|---|
| १. | श्री ध्रुब वहादुर कुंवर | स्थानीय विकास मन्त्रालय वा अन्तर्गत |
| २. | श्री गुरुदत्त ढकाल | लोकसेवा आयोग वा अन्तर्गत |
| ३. | श्री ताराप्रसाद भुसाल | जलस्रोत मन्त्रालय वा अन्तर्गत |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ४५

श्री ५ को सरकारले मिति २०६०।१०।१ को निर्णयानुसार देहायका व्यक्तिहरुलाई नेपाल प्रशासन सेवा, लेखा समूह राजपत्राङ्कित तृतीय श्रेणी, लेखा अधिकृत पदमा नियुक्ति गरी महालेखा नियन्त्रक कार्यालय वा अन्तर्गत पदस्थापन गरेको छ ।

| सि.नं. | नाम, थर |
|---|---|
| १. | श्री ईन्द्रप्रसाद पौडेल |
| २. | श्री यज्ञप्रसाद ढकाल |
| ३. | श्री वेगनाथ पौडेल |
| ४. | श्री गोपीचन्द्र भण्डारी |
| ५. | श्री विष्णुप्रसाद खरेल |
| ६. | श्री श्रीधर ज्ञवाली |

## सूचना ४६

श्री ५ को सरकारले मिति २०६०।१०।५ को निर्णयानुसार श्री टेकराज पन्थीलाई नेपाल प्रशासन सेवा, हुलाक समूह, राजपत्राङ्कित तृतीय श्रेणी, हुलाक अधिकृत पदमा नियुक्ति गरी सूचना तथा सन्चार मन्त्रालय वा अन्तर्गत पदस्थापन गरेको छ ।

## सूचना ४७

श्री ५ को सरकारले मिति २०६०।१०।२६ को निर्णयानुसार श्री सुशील कुमार लम्साललाई नेपाल प्रशासन सेवा, कुटनैतिक समूह, राजपत्राङ्कित तृतीय श्रेणी, शाखा अधिकृत पदमा एक वर्षको परीक्षणकालमा रहने गरी नियुक्ति गरी परराष्ट्र मन्त्रालय वा अन्तर्गत पदस्थापन गरेको छ ।

## सूचना ४८

श्री ५ को सरकारले मिति २०६०।१०।२७ को निर्णयानुसार देहायका व्यक्तिहरुलाई नेपाल प्रशासन सेवा, राजश्व समूह, राजपत्राङ्कित तृतीय श्रेणी, शाखा अधिकृत पदमा एक वर्षको परीक्षणकालमा रहने गरी नियुक्ति गरी अर्थ मन्त्रालय वा अन्तर्गत पदस्थापन गरेको छ ।

| सि.नं. | नाम, थर |
|---|---|
| १. | श्री रामप्रसाद आचार्य |
| २. | श्री भिष्म कुमार भुसाल |
| ३. | श्री किशोर वर्तौला |

## सूचना ४९

श्री ५ को सरकारले मिति २०६०।१०।२७ को निर्णयानुसार देहायका व्यक्तिहरुलाई नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूह, राजपत्राङ्कित तृतीय श्रेणी, शाखा अधिकृत पदमा नियुक्ति गरी सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूहमा पदस्थापन गरेको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

280

| सि.नं. | नाम थर | परीक्षणकाल |
|---|---|---|
| १. | श्री कुल प्रसाद काप्री | ( १ वर्ष परीक्षणकालमा रहने गरी ) |
| २. | श्री गोपाल प्रसाद शर्मा | |
| ३. | श्री तोयनारायण ज्ञवाली | |
| ४. | श्री उद्धव प्रसाद रिजाल | (१ वर्ष परीक्षणकालमा रहने गरी ) |
| ५. | श्री विष्णु प्रसाद ज्ञवाली | ( " " " " ) |
| ६. | श्री नारायण प्रसाद शर्मा दुवाडी | ( " " " " ) |
| ७. | श्री सुमन दाहाल | ( " " " " ) |
| ८. | श्री प्रमोद सिंखडा | ( " " " " ) |
| ९. | श्री निरज पौडेल | ( " " " " ) |
| १०. | श्री मुकुन्द शर्मा | ( " " " " ) |
| ११. | श्री राजेन्द्र प्रसाद आचार्य | ( " " " " ) |
| १२. | श्री पुष्कर भट्टराई | ( " " " " ) |
| १३. | श्री मोहन अधिकारी | ( " " " " ) |
| १४. | श्री भारतीदेवी अधिकारी (चालिसे) | (६ महिना परीक्षणकालमा रहने गरी) |
| १५. | श्री तर्कराज भट्ट | ( १ वर्ष परीक्षणकालमा रहने गरी ) |
| १६. | श्री दीपक ढकाल | ( " " " " ) |
| १७. | श्री चोमेन्द्र नेउपाने | ( " " " " ) |

## सूचना ५०

श्री ५ को सरकारले मिति २०६०।१०।२७ को निर्णयानुसार देहायका व्यक्तिहरुलाई नेपाल प्रशासन सेवा, हुलाक समूह राजपत्राङ्कित तृतीय श्रेणी, हुलाक अधिकृत पदमा एक वर्षको परीक्षणकालमा रहने गरी नियुक्ति गरी सूचना तथा संचार मन्त्रालय वा अन्तर्गत पदस्थापन गरेको छ ।

| सि.नं. | नाम, थर |
|---|---|
| १ | श्री देवीप्रसाद पौडेल |
| २ | श्री जीतेन्द्र बस्नेत |

## सूचना ५१

श्री ५ को सरकारले मिति २०६०।१०।२७ को निर्णयानुसार देहायका व्यक्तिहरुलाई नेपाल प्रशासन सेवा, लेखा समूह, राजपत्राङ्कित तृतीय श्रेणी, लेखा अधिकृत पदमा नियुक्ति गरी महालेखा नियन्त्रक कार्यालय वा अन्तर्गत पदस्थापन गरेको छ ।

| सि.नं. | नाम, थर | परीक्षणकाल |
|---|---|---|
| १ | श्री दीपक अधिकारी | ( १ वर्ष परीक्षणकालमा रहने गरी ) |
| २ | श्री रितेशकुमार शाक्य | ( " " " ) |
| ३ | श्री वासुदेव घिमिरे | ( " " " ) |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| ४ | श्री निरज के.सी | ( १ वर्ष परीक्षणकालमा रहने गरी ) |
| ५ | श्री यदुनाथ भट्टराई | ( १ वर्ष परीक्षणकालमा रहने गरी ) |
| ६ | श्री भोजराज पौडेल | ( " " " ) |
| ७ | श्री शरदराज आरण | ( " " " ) |
| ८ | श्री रामजीप्रसाद शर्मा | ---------------------- |
| ९ | श्री शशिन्द्र खाती | ( १ वर्ष परीक्षणकालमा रहने गरी ) |
| १० | श्री लावण्यराज दाहाल | ( " " " ) |
| ११ | श्री दिनेश रेग्मी | ( " " " ) |
| १२ | श्री प्रकाश पुडासैनी | ( " " " ) |
| १३ | श्री दिलकुमार खड्का | ( " " " ) |
| १४ | श्री रमेश घिमिरे | ---------------------- |
| १५ | श्री महेन्द्रप्रसाद भण्डारी | ( १ वर्ष परीक्षणकालमा रहने गरी ) |
| १६ | श्री विष्णुहरि वाग्ले | ( " " " ) |
| १७ | श्री मुनकुमार के.सी | ( " " " ) |
| १८ | श्री दामोदर खत्री | ( " " " ) |
| १९ | श्री मधु पोखरेल | ( १ वर्षको परीक्षणकालमा रहने गरी ) |
| २० | श्री गणेशप्रसाद लुइटेल | ---------------------- |
| २१ | श्री रुद्र कोइराला | ---------------------- |
| २२ | श्री भुवनप्रसाद काफ्ले | ( १ वर्षको परीक्षणकालमा रहने गरी ) |
| २३ | श्री लक्ष्मण ढकाल | ( १ वर्षको परीक्षणकालमा रहने गरी ) |
| २४ | श्री रामकृष्ण पुडासैनी | ( " " " ) |
| २५ | श्री नारद गौतम | ( " " " ) |
| २६ | श्री निर्मल दाहाल | ( " " " ) |
| २७ | श्री रविन कोइराला | ( " " " ) |
| २८ | श्री जीवनाथ पोखेल | ( " " " ) |
| २९ | श्री किशोरकुमार श्रेष्ठ | ( " " " ) |
| ३० | श्री ज्ञानेन्द्रराज ओझा | ( " " " ) |
| ३१ | श्री ईन्द्र गौतम | ( " " " ) |
| ३२ | श्री रामकृष्ण पन्थी | ---------------------- |
| ३३ | श्री भेषप्रसाद भुर्तेल | (१ वर्षको परीक्षणकालमा रहने गरी ) |
| ३४ | श्री तेजप्रकाश प्रसाई | ( " " " ) |
| ३५ | श्री नवराज घिमिरे | ( " " " ) |
| ३६ | श्री युवराज कटेल | ( " " " ) |
| ३७ | श्री लीला अधिकारी (ओझा) | ( ६ महिनाको परीक्षणकालमा रहने गरी ) |
| ३८ | श्री उदयराज भट्टराय | ( १ वर्षको परीक्षणकालमा रहने गरी ) |
| ३९ | श्री सुर्यवहादुर भण्डारी | ( " " " " ) |
| ४० | श्री गेदा पगेनी | ( " " " " ) |
| ४१ | श्री गायत्रीरमण खनाल | ( " " " " ) |
| ४२ | श्री रमेश गौतम | ( " " " " ) |
| ४३ | श्री विष्णुप्रसाद निरौला | ( " " " " ) |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

282

| | | |
|---|---|---|
| ४४ | श्री नवराज पराजुली | ( ,, ,, ,, ,, ) |
| ४५ | श्री हेमराज पौडेल | ( ,, ,, ,, ,, ) |

## सूचना ५२

श्री ५ को सरकारले मिति २०६०।९।२९ को निर्णयानुसार देहायका व्यक्तिहरुलाई नेपाल इन्जिनियरिङ सेवा, सिभिल समुह, जनरल उप समूह, राजपत्राङ्कित तृतीय श्रेणी (प्रा.), इन्जिनियर पदमा नियुक्ति गरी एक वर्षको परीक्षकालमा रहने गरी स्थानीय विकास मन्त्रालय वा अन्तर्गत पदस्थापन गरेको छ ।

| सि.नं. | नाम, थर |
|---|---|
| १ | श्री रामहरि पोखरेल |
| २ | श्री सुरेश शर्मा |
| ३ | श्री ईश्वर ढुंगाना |
| ४ | श्री अर्जुनप्रसाद अर्याल |
| ५ | श्री मोहन वस्नेत |
| ६ | श्री आसराम न्हेम्हाफुकी |
| ७ | श्री जगदीश शर्मा |
| ८ | श्री मनीषकुमार अर्याल |
| ९ | श्री राजेशलाल कर्ण |
| १० | श्री लक्ष्मणकुमार थापा |
| ११ | श्री रमाकान्त दुवाडी |
| १२ | श्री गौरीकुमार श्रेष्ठ |
| १३ | श्री वैकुण्ठ अर्याल |
| १४ | श्री शालिग्राम देवकोटा |
| १५ | श्री केदार शर्मा |
| १६ | श्री भिमार्जुन अधिकारी |
| १७ | श्री सुशिल श्रेष्ठ |
| १८ | श्री कमल न्यौपाने |

## सूचना ५३

श्री ५ को सरकारले मिति २०६०।११।२२ को निर्णयानुसार देहायका व्यक्तिहरुलाई नेपाल शिक्षा सेवा, शिक्षा प्रशासन समूह, निरीक्षण उप समूह, राजपत्राङ्कित तृतीय श्रेणी (प्रा.), विद्यालय निरीक्षक पदमा नियुक्ति गरी शिक्षा तथा खेलकूद मन्त्रालय वा अन्तर्गत पदस्थापन गरेको छ ।

| सि.नं. | नाम, थर | परीक्षणकाल |
|---|---|---|
| १ | श्री प्रमिला बखती | ( ६ महिना परीक्षणकालमा रहने गरी ) |
| २ | श्री ललितविक्रम सिंह | ( १ वर्षको परीक्षणकालमा रहने गरी ) |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार